नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

निर्णयहरू:-

१. कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै लामो दूरीका सवारी साधनहरू, सरकारी र अत्यावश्यक सेवा (स्वास्थ्य, खानेपानी, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, बैङ्क तथा वित्तीय संस्था, दूरसञ्चार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेशन, फोहोरमैला व्यवस्थापन)का सवारी साधनहरू बाहेक जिल्लाभित्र सञ्चालन हुने अन्य सबै प्रकारका निजी तथा सार्वजनिक सवारी साधनहरूमा मिति २०७८-०१-१५ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि गते अनुसार जोर विजोर प्रणाली लागू गर्ने । यसको समन्वय र सहजीकरण जिल्ला प्रहरी कार्यालय, मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुरले गर्ने ।

२. ब्युटिपार्लर र सैलुनहरू एवं मदिरा व्यवसायलाई मिति २०७८-०१-१५ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि बन्द गर्ने । यसको सहजीकरण मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।

३. सेवाग्राहीहरूको अत्यधिक भिडभाड हुने राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, हेटौडा, मकवानपुर र यातायात व्यवस्था सेवा कार्यालय, हेटौडा, मकवानपुरले कार्यालयको आन्तरिक कार्य बाहेक अन्य सबै प्रकारका सेवाहरू मिति २०७८-०१-१५ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि बन्द गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी